कार्यपालिका बैठकका निर्णयहरू

बैठक संख्या :- ६१

**बैठकका प्रस्तावहरू :**

१. निवर्तमान पदाधिकारीलाई धन्यवाद ज्ञापन सम्बन्धमा ।

२. मतदाताहरूलाई धन्यबाद ज्ञापन सम्बन्धमा ।

3. स्वास्थ्य विमा कार्यक्रम सम्बन्धमा ।

४. फुसको छानो मुक्त कार्यक्रमको निरन्तरता सम्बन्धमा ।

५. कपिलवस्तु नगरपालिकालाई हिलो मुक्त बनाउने सम्बन्धमा ।

६. विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा ।

७. सामुदायिक विद्यालयले लिने शुल्क सम्बन्धमा ।

८. स्थानीय पाठ्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।

९. समसामायिक विविध ।

**निर्णयहरू**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस कपिलवस्तु नगरपालिकाका सम्पूर्ण निवर्तमान पदाधिकारीहरूलाई उहाँहरूले ५ वर्षमा पुर्‍याउनु भएको योगदानको कदर गर्दै हार्दिक धन्यवादका साथ विदाई गर्ने ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा आसन्न स्थानीय तहको निर्वाचनमा आफ्नो अमूल्य मत दिइ विजयी गराउनु हुने कपिलवस्तु नगरपालिकाका सम्पूर्ण मतदाताहरूलाई आभार प्रकट गर्दै हार्दिक धन्यवाद दिने ।

3. प्रस्ताव नं. 3 माथि छलफल गर्दा आगामी आ.व. देखि कपिलवस्तु नगरपालिका भित्रका सबै घरधुरीमा बसोवास गर्ने परिवारका लागि स्वास्थ्य विमा कार्यक्रम लागु गर्ने, विमा शुल्क वापत नगरपालिकाले ५० प्रतिशत रकम बेहोर्ने गरी बजेट व्यवस्थापन गर्ने ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा नगरपालिका भित्रका फुसको छानोलाई विस्थापित गरी जस्ता पाता वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिदै हाल प्राप्त जस्ता पातालाई वडा नं. १०, ११ र १२ का फुसको छानो भएका घरका व्यक्तिहरूलाई प्राविधिक र सम्बन्धित वडाका प्रतिनिधिहरूको रोहवरमा वितरण गर्ने तथा यस पूर्व तयार गरेको जस्ता पाता वितरण कार्यविधिलाई संशोधन गरी अर्को बैठकमा पेश गर्ने ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा आगामी ५ वर्ष भित्रमा यस कपिलवस्तु नगरपालिकालाई हिलो मुक्त नगरपालिका बनाउने गरी आगामी कार्यक्रमहरू प्रस्ताव गर्ने ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा पुराना विद्यालय व्यवस्थापन समितिको म्याद समाप्त भइ हाल सम्म पनि व्यवस्थापन समति गठन नगरेका विद्यालयहरूले २०७९ असार मसान्त भित्र विद्यालय व्यवस्थापन समिति गठन गरि सक्ने तथा सो अवधी भित्र समिति गठन नगर्ने विद्यालयहरूको अनुदान रोक्का गर्ने ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा माध्यमिक तह सम्म निशुल्क शिक्षा दिने राष्ट्रिय नीति बमोजिम विद्यालयमा कुनै पनि प्रकृतिको शुल्क नउठाउने व्यवस्थाको लागि सबै विद्यालयहरूको शिक्षक दरबन्दी उपलब्धता तथा भौतिक पूर्वाधार समेतको तथ्याँक संकलन गर्ने तथा सामान्य व्यवस्थापनको लागि प्रत्येक विद्यालयलाई के-कति बजेट व्यवस्थापन गर्नु पर्ने हो शिक्षा युवा तथा खेलकुद शाखाबाट प्रतिवेदन लिइ अर्को बैठकमा पेश गर्ने ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा कपिलवस्तु नगरपालिका भित्रका सबै विद्यालयहरूमा लागु हुने गरी कक्षा ६, ७ र ८ को लागि तयार गरेको स्थानीय पाठ्यक्रम स्वीकृत गर्ने तथा सोही पाठ्यक्रमको आधारमा पुस्तक तयार गर्ने तथा स्वीकृत पाठ्यक्रम बमोजिम यहि शैक्षिक शत्रबाट विद्यालयमा पठनपाठन गर्ने गराउने ।

प्रमाणित

## ६. समसामायिक विविध निर्णयहरू

१. यस आ.व. मा विनियोजित योजनाहरू मध्ये हाल सम्म पनि सम्झौता नभएका तथा २०७८ असार १० गते भित्र सम्पन्न गर्न सकिने प्रकृतिका रु. ५ लाख भन्दा साना योजनाहरूलाई २०७८ जेठ २५ गते भित्रमा सम्झौता गरि सक्ने तथा योजनाहरूको कार्य सम्पन्न भई २०७८ असार १५ गते भित्र भुक्तानी भइ सक्ने गरी व्यवस्थापन गर्ने ।

२. कृषि विकास बैंक देखि महिता सम्म जाने सडक अत्यन्त जिर्ण भइ सवारी आवागमनमा असुविधा भएको उक्त अधुरो सडक नगरपालिकाको स्रोतबाट सम्पन्न गर्न नसकिने हुँदा तत्काल मर्मत सम्भार गरी सडक निर्माणमा बजेट व्यवस्थापन गर्न भवन आवास तथा शहरी विकास कार्यालय, संघीय कार्यान्वयन इकाइ भैरहवालाई अनुरोध गर्ने ।

3. हुलाकी सडक अन्तर्गत विधुत कार्यालय नजिकको वाणगंगा शाखा नहरको बिकासको उचित व्यवस्था नभएको कारण वर्षाको समयमा बजार डुब्ने सम्भावना भएकोले उक्त नालाको उचित निकासको व्यवस्था गरिदिन हुलाकी सडक कार्यालय तथा सम्बन्धित निकायमा अनुरोध गर्ने ।

४. कपिलवस्तु नगरपालिकामा अधिकांश खेती योग्य जग्गा रहेको तर आवश्यक पर्ने मालखाद्य कृषि सामाग्री केन्द्रबाट अति न्यून उपलब्ध भइ रहेको परिप्रेक्ष्यमा कपिलवस्तु नगरपालिकालाई दिइने मलखाद्यको कोटा बृद्धि गर्नलाई सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

५. विभिन्न सहकारी संस्थाहरूले पाउने मलखाद्यको कोटा र सहकारीले लिन पाउने अधिकतम मूल्य समितिबाट निर्णय गराइ कृषि सामाग्री संस्थान तथा हरेक वडा कार्यालयहरूमा पठाइएको छ । सो अनुसार आ-आफ्ना वडा भित्रका सहकारी संस्था तथा तिनीहरूले वितरण गर्ने मलखाद्यको अनुगमन, कार्यान्वयन सम्बन्धित वडा कार्यालयबाट गर्ने ।

निर्णय प्रमाणित
२०७८।२।१८
प्रमुख प्रशासकीय अधिकृत